# चम्पादेवी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
स्था: २०७३
कालिका, ओखलढुंगा
कोशी प्रदेश, नेपाल

सूचना नं. ९६ २०८१/८२

ने.सं. ११४५

मितिः २०८१/१०/३०

**वैदेशिक रोजगार बोर्डको सेवा प्रवाह सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. ७१ प.सं. ०८१/८२ को पत्रानुसार वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २८ बमोजिम वैदेशिक रोजगार बोर्डको सचिवालयले प्रदान गर्ने कल्याणकारी सेवाहरु सम्बन्धी निवेदन स्थानीय तह मार्फत दिन सकिने व्यवस्था अनुसार यस कार्यालयको रोजगार सेवा केन्द्रबाट पनि तपसिलका सेवाहरु प्रदान गरिरहेको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

- विदेशमा अलपत्र परेका कामदारको उद्धार,
- विदेशमा मृत्यु भएका कामदारको शव नेपाल झिकाउने,
- अन्तर्राष्ट्रिय विमानस्थलबाट मृतकका आफन्तले इच्छाएको सडक पुर्वाधार पुगेको स्थलसम्म निःशुल्क पुऱ्याउने,
- अंगभंग भएका कामदारलाई तोकिए बमोजिमको आर्थिक सहायता दिने,
- कामदारको परिवार गम्भिर बिरामी भएमा तोकिए बमोजिम दिईने उपचार सहयोग प्रदान गर्ने,
- वैदेशिक रोजगारीको क्रममा मृत्यु वा पुर्ण अशक्त भएका कामदारका सन्ततीलाई छात्रवृति प्रदान गर्ने ,
- वैदेशिक रोजगारमा गएका कामदारका लागि कानुनी प्रतिरक्षा तथा परामर्शका लागि सहयोग गर्ने,
- स्वदेश फर्किएका कामदारलाई पुनःएकीकरण तथा पुनस्थापना कार्यक्रम एवं विभिन्न सीपमुलक तालिम संचालन गर्ने,

**वैदेशिक रोजगार बोर्डको सचिवालयमा निवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु**

- बोर्डको सेवा प्राप्त गर्नको लागि कामदारले नियमानुसार श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएको हुनुपर्नेछ ।
- आर्थिक सहायताको लागि मृत्यु वा अंगभंग भएको १ वर्षभित्र निवेदन दिइ सक्नुपर्नेछ ।
- पेश गरिने कागजातहरु आधिकारिक निकायबाट प्रमाणित भएको हुनुपर्नेछ ।
- सेवा प्राप्त गर्न तोकिए बमोजिमको निवेदन/फाराम वैदेशिक रोजगार बोर्डको वेबसाईट http:feb.gov.np/download#nebadan मा click गरी प्राप्त गर्न सकिनेछ ।

.........................

(विश्वनाथ भण्डारी)

नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner